**२०७८ साल असोज १ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** कर्मचारी व्यवस्थापन सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि,२०७८ स्वीकृत गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** मुख्यमन्त्री ग्रामीण विकास तथा कार्यक्रम खारेज गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** मन्त्रालयहरुको जिम्मेवारी हेरफेर भए पश्चात सम्बन्धित मन्त्रालयमा अभिलेख तथा सम्पत्ति र दायित्व हस्तान्तरण गर्ने ।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** माननीय मुख्यमन्त्रीको जनसम्पर्क सल्लाहकारको रुपमा रमेश बहादुर वली क्षेत्री (रोल्पा) लाई नियुक्ति गर्ने ।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** त्रिवेणी गाउँपालिका, रोल्पाको वडा विभाजन तथा वडाको सिमाना हेरफेर र क्रम मिलान सम्बन्धमा सम्बन्धित गाँउपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृति प्रदान गर्ने ।

६. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** झिमरुक गाँउपालिका,प्युठानको केन्द्रको नाम परिवर्तन सम्बन्धमा गाँउपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृति प्रदान गर्ने ।

७. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** रोल्पा नगरपालिकाको वडा समायोजन गर्ने सम्बन्धमा सम्बन्धित नगरपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृति प्रदान गर्ने ।

८. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** बुटवल उपमहानगरपालिकाको वडा समायोजन गर्ने सम्बन्धमा सम्बन्धित उपमहानगरपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृति प्रदान गर्ने ।

९. **आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयः** आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयबाट प्राप्त विभिन्न क्षेत्रमा योगदान पुर्याउनुहुने ५७(सन्ताउन्न) जना महानुभावहरुलाई पदक सिफारिस स्वीकृत गर्ने ।